माई नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : १ संख्या १० राजपत्रमा प्रकाशित मिति : २०७४/१०/०१

**भाग -२**

**माई नगरपालिका**

आर्थिक सहायता वितरण कार्यविधि २०७४

कार्यपालिकाबाट स्वीकृत मिति : २०७४/०९/१९
प्रमाणिकरण मिति: २०७४/१०/०१

# आर्थिक सहायता वितरण कार्यविधि

## २०७४

## माई नगरपालिका

## १ नं. प्रदेश

## इलाम

श्री माई नगरपालिका नगरकार्यपालिकाको मिति २०७४/१०/१० नवौ वैठकका अध्यक्ष तथा नगर प्रमुख ज्यू , नगर उपप्रमुख ज्यू , प्रमुख प्रशासकीय अधिकृत ज्यू नगर कार्यपालिकाका सदस्य ज्यूहरु माई नगरपालिकाको मिति २०७४/९/१९ गतेको वैठको निर्णय अनुसार माई नगरपालिकामा माग हुने आर्थिक सहयता वितरणलाई व्यवस्थित बनाउन आवस्यकता महशुस भएको हुदा म कार्यपालिका सदस्य मुखराज आङदेम्वेको सयोजकत्वमा ५ सदस्य कार्यविधि मस्यौदा समिति निर्माण गरीएको यस कार्यपालिकालाई सर्वविधिदै छ । मानिसको दैनिक जीवनयापन गर्ने क्रममा जवजव नियमित परिस्थिती भन्दा फरक परिस्थितीको सिर्जना प्राकृतिक तथा दैवीक कारणा होस् वा मानवीय कारण होस् तव समाज र ब्यक्तिमा आर्थिक , मानसिक, शारीरिक र सामाजिक संकटको सिर्जना हुन्छ उक्त सिर्जित संकटवाट मुक्तिका लागि सघर्ष गर्नु समाज र ब्यक्तिको बाध्यात्मक परिस्थीती हो ।वर्तमान परिपेक्षमा नगरपलिका जनताको अधिकारयुक्त पहिलो सरकार हो त्यसैले ब्यक्ति र समाजले माथि उल्लेखित परिस्थतिको समाधानको लागि आफ्नो पहिलो सरकारसग अपेक्षा गर्नु स्वाभिक नै हो ।सिमित स्रोत र साधनलाइ उचित रुपमा प्रयोग गरी जनता समक्ष उपस्थिति जनाउनु स्थानीय सरकारको दायित्व हुन आउदछ यी सवै विषय वस्तुलाई मध्य नजर गर्दै आर्थिक सहयता वितरण लाई वास्विक , उपयोगि र परदर्शी ढंगवाट गर्ने सुझावकालागि यो समितिले जम्मा ४ वटा वैठक वसी यो प्रतिवेदन तयार गरेको छ । माई नगरपालिका भौगोलिक , अर्थिक , सामाजिक र साँस्कृर्तिक विविधताको नगरपालिका हो त्यसैले यस नगरपालिका क्षेत्र भित्र आईपर्ने संकटहरु न्यूनीकरण गर्ने उपायहरु निम्न अनुसार छन्

**१ दैवि तथा प्रकृतिक कारण र जसवाट उत्पन्न हुने संकटहरु**

क . कम्प

ख . वाढी पहिरो

ग . चट्याङ

घ . हुरी वतास

**२ मानवीय कारण**

क. आगलागी

ख .वेवारीसे मानिस

ग. माहाँमारी

**३ दुर्घटना**

क. करेन्ट , सधन तथा औजार

ख. विषालु पदार्थ सेवन

ग .घरपालुवा तथा जनवारको आक्रमण

**४ दीर्घरोग**

२०७४/१०/०१ दीपक कुमार थेबे नगर प्रमुख

क क्यन्सर

ख मृगौला

ग मुटु रोग

घ एच आइ भि एड्स पुन स्थापना

माथि उल्लेखित संकट न्यूनीकरणका उपायहरु । जनचेतना अभिवृद्धि , नदी नियन्त्रण ,पहिरो रोकथाम तथ वस्ती स्थानन्तरण ,स्रोतहरुको संरक्षण , दिगो विकास ,जवाफदेहिता , जिम्वेवारी पन ,दायीत्व वोध ,काय कुसलता , रोजगारीका अवसर सिर्जना ,सीप विकास , वजारी करण आदी समष्ठि रुपमा औल्यउन सकिन्छ । माथि उल्लेखित संकटहवरु पूर्ण रुपमा समाधान गर्न नसिकने र न्यूनीकरणका उपायहरु अपनाउदा अपनाउदै गद समेत संकट आइपर्ने र उक्त संकट ब्यवस्थापन गर्न केही आर्थिक तथा भौतिक सहयता प्रदान गर्न सकेमा समाज र ब्यक्तिलाइ केहिमात्रामा भएतापनि राहात पुग्ने महशुस गर्दै तपशिल अनुसारको शीर्षकमा तपिशल अनुसा आर्थिक सहायता गर्न प्रस्ताव गरेका छौ ।

**मृत्यु भएमा मृतकका परिवारका लागि तत्काल राहत पुग्ने हिसाबले**

| कारण | सहायता गर्न सकिने रकम |
|---|---|
| आगलागी | काज कृया खर्च प्रति ब्यक्ति १५०००। |
| दुर्घटना (करेन्ट , चट्याङ, साधन तथा औजारबाट, | ,, १५०००। |
| रुख खोलानाला, भीरपहिरो आदि) | ,, १५०००। |
| दैवि प्राकृतिक विपत्ति | ,, १५०००। |
| वेवारिसे मानिस (बाहिरबाट आएको वा नपा | दहाँ संकार १५०००। |
| न पा भित्रको ठाउँठेगाना खुल्नेगरी बाहिर गएर मरेको) | ,, १५०००। |
| न पा को वैदेशिक रोजगारका क्रममा मृत्यु भएको | ,, १५०००। |
| विषालु पदार्थ सेवन (जस्तै पानीमा वीष परेको ) | ,, १५०००। |
| जनवारबाट क्षति (हात्ती, सर्प, वाघ, भालु , कुकुर आदि) | ,, १५०००। |

**वितरणका आधारहरु**

क .प्रहरी सर्जमिन मुचूल्का

ख .प्रकृति अनुसारको वडा कार्यालयको सिफारीस पत्र

ग . निवेदन

घाइते तथा उपचारको क्रममा रहेको

| कारण | सहायता गर्न सकिने रकम | |
|---|---|---|
| | गम्भिर | सामान्य |
| जनवार आतङ्क | १००००। | ५०००। |
| आगलागी | १००००। | ५०००। |
| बाढी पहिरो | १००००। | ५०००। |
| हुरी बतास | १००००। | ५०००। |
| चट्याङ | १००००। | ५०००। |
| मानवीय र दैविक तथा प्राकृतिक विपत्ति | १००००। | ५०००। |

**वितरणका आधारहरु**

क. विरामि दर्ता पूर्जा prescreption

ख .प्रकृति अनुसारको वडा कार्यालयको सिफारीस पत्र

ग. सम्वन्धि विरामि वा संरक्षकको निवेदन

**गम्भीर प्रकृतिका रोगिहरु**

**रोगि उपचार उपचारको क्रममा हुनुपर्ने**

| रोगका प्रकारहरु | सहायता गर्न सकिने रकम |
|---|---|
| क्यान्सर | १००००। |
| मृगौला | १००००। |
| मुटु | १००००। |
| एच आइ भी एड्स | १००००। |
| दम | २५००। विमा प्रोत्साहनको लागि विपन्न परीवारका लागि मात्र |
| मधुमेह | २५००। ,, |
| उच्च रक्तचाप | २५००। ,, |
| पथरीया आदी | २५००। ,, |

**घरबास क्षती**

कारण

जनवार आतङ्क, आगलागी, बाढी पहिरो, हुरी बतास, चट्याङ तथा मानवीय र दैविक तथा प्राकृतिक विपत्ति आदि का लागि स्थलगत सर्जमिन मुचूल्का र वडा कार्यालयको सिफारीसको आधारमा पूर्ण १५०००। आंशिक ५०००।

माथि उल्लेखित विषयमा परेका वा छुट भएका जुनसुकै विषयहरु आएमा र नगर प्रमुखलाई मनासिव लागेमा नगर प्रमुखको आदेशवाट रु २५००। सम्म भुक्तानि दिन सक्ने।

मस्यौदा तयार गरिरहदा सवै विषयहरु समेट्न नसकी या कुनै किसिमको त्रुटी हुनकक्छ सो प्रती यो समिति क्षमा चाहान्छ । मस्यौदा समितिमा रहेर पूर्ण सहयोग गर्नु हुने माई नगरपालिकाका कर्मचारी श्री चन्द्र प्रसाद पौडेल स्वास्थ्य केन्द्र दानावारीका प्रमुख श्री पवन पोखेल नगर कार्यपलिका सदस्यहरु श्री तेज कुमारी इदिङगो र श्री राजेन्द्र धमला लाई धन्वाद दिन चाहान्छु।

मुखराज आङदेम्वे

संयोजक

मिति २०७४/१०/१०

२०७४/१०/०१

दीपक कुमार थेबे

नगर प्रमुख

माई नगरपालिका

१ नं. प्रदेश

इलाम

आज्ञाले ,

नाम : कालिदास ढकाल

प्रमुख प्रशासकीय अधिकृत